आज मिति २०८२।१।१९ गते शुक्रवारका दिन यस रास्कोट नगरपालिकाका नगरप्रमुख श्री धर्मराज शाहीको अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहायबमोजिमका प्रस्तावमाथि छलफल गरी निर्णय पारित गरियो।

उपस्थिति

१. श्री धर्मराज शाही - नगर प्रमुख
२. श्री मनिराम बराल - नगर उपप्रमुख
३. धन बहादुर धामी - ९ नं वडा अध्यक्ष
४. मनिराम बराल - ८ ,, ,,
५. कपुर महतारा - ७ ,, ,,
६. कर्ण फर्साल - ६ ,, ,,
७. मन तिरुवा - ५ ,, ,,
८. दिनेश संन्याल - ४ ,, ,,
९. राजेन्द्रनाथ योगी - ३ ,, ,,
१०. ध्रुवराज रिमखाल - २ ,, ,,
११. उदयराम आचार्य - १ ,, ,,
१२. भैरे तिरुवा - कार्यपालिका सदस्य
१३. दंगली खार्की - ,, ,,
१४. गोविन्दा सुनार - ,, ,,
१५. रत्नादेवी उपाते - ,, ,,
१६. मेघुरा बम शाही - ,, ,,
१७. उमा योगी ,, ,,
१८. पुनम शाही ,, ,,
१९. तारा वि.क. ,, ,,
२० खेमराज शाही नि.प्र.प्र.अ.

प्रस्ताव

१

प्रस्तावहरु:

१. अख्तियारी सम्बन्धमा ।
२. अध्ययन विदा स्वीकृत सम्बन्धमा ।

**निर्णय नं. १**

माथि छलफल गर्दा ज्ञानेन्द्र राज आरण समेत निवेदक रहेको अदालतको अपहेलना मुद्दामा यस नगरपालिकालाई समेत विपक्षी बनाईएको र सोको म्याद प्राप्त हुन आएकाले सम्मानित सर्वोच्च अदालतमा उपस्थित भई यस नगरपालिकाको तर्फबाट अदालतमा उपस्थित भई लिखित जवाफ पेश गर्न तारेखमा रही मुद्धा पुर्पक्ष गर्न मुद्दामा आवश्यक पर्ने अन्य काम गर्नका लागि अधिवक्ता रामचन्द्र बस्नेत ज्यूलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ०२**

**प्रस्ताव नं. ०२** माथि छलफल गर्दा सुदुरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय टिकापुर कैलालीमा शैक्षिक सत्र २०८१।८२ मा संचालन हुने ४ (चार) वर्ष अवधिको कृषि स्नातक तह (B.Sc.Ag) कोर्षमा अध्ययनको लागि कर्णाली प्रदेशको स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०८१ दफा ६९ को उपदफा (३) बमोजिमको समितिको निर्णयबाट यस नगरपालिकामा कार्यरत कृषि सेवा,वाली संरक्षण समुहका निजामति कर्मचारी अधिकृत छैटौं श्री धिरिन्द्रराज न्यौपानेको मनोनयन गर्न स्वीकृत प्राप्त भई सुदुरपश्चिम विश्वविद्यालयमा शैक्षिक सत्र २०८१।८२ मा संचालन हुने सरकारी कर्मचारीको १० (दश) सिट संख्यामा कृषि स्नातक तह (B.Sc.Ag) कोर्ष अध्ययनका लागि कर्णाली प्रदेशको स्थानिय सेवा (गठन तथा संचालन) नियमावली, २०८१ को नियम ५६ अनुसार मनोनयन भएकोले निजलाई सुदुरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय टिकापुर कैलालीमा शैक्षिक सत्र २०८१।८२ मा संचालन हुने ४ (चार) वर्ष अवधिको कृषि स्नातक तह (B.Sc.Ag) कोर्षमा अध्ययनको लागि कर्णाली प्रदेशको स्थानिय सेवा (गठन तथा संचालन) नियमावली, २०८१ नियम ८७ (२), ८७(४), र ८७(७) बमोजिम निजलाई मिति २०८१।१०।०१ गते देखि लागु हुने गरी ३ (तिन) वर्ष तलवी अध्ययन विदा स्वीकृत गर्ने निर्णय सर्वसंम्वत पारित गरियो ।